ISSN: 2631-2395
Devkota Journal of Interdisciplinary Studies
Vol. 7 | Issue No. 1, 2025

सुनवल नगरपालिकास्थित विद्यालयका बहुभाषिक कक्षाका विद्यार्थीहरूको नेपाली वाक्यगठनगत त्रुटि

पवित्रा पौडेल, शिक्षिका, महाकवि देवकोटा क्याम्पस

लेखसार : *प्रस्तुत लेखको उद्देश्य सुनवलका मगर र थारू मातृभाषी विद्यार्थीहरूको नेपाली वाक्यगठनगत त्रुटिहरूको पहिचान गरी तिनको कारण र निराकरणका उपायहरूको विश्लेषण गर्नु हो । यसको ढाँचा गुणात्मक रहेको छ । लेखमा व्याख्यानवादमा आधारित दार्शनिक दृष्टिकोणलाई अवलम्बन गरिएको छ । ज्ञान निर्माणको प्रमुख स्रोतमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ भने तथ्य विश्लेषण एस पिट कर्डरको त्रुटि विश्लेषण सिद्धान्तका आधारमा गरिएको छ । सुनवलका चारओटा सामुदायिक विद्यालयका आठ जना मगर र आठ जना थारू विद्यार्थीहरूलाई सोद्देश्यमूलक विधिको प्रयोग गरी नमुना छनोट गरिएको हो । विषयगत परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ताबाट तथ्य सङ्कलन गरिएको हो । तथ्य विश्लेषणगर्दा नाम पदावली, क्रिया पदावली, नाम पदावली र क्रिया पदावलीबिचको सङ्गतिगत प्रयोग जस्ता क्षेत्रमा त्रुटि गरेको पाइएको छ । त्रुटिका कारणमा मातृभाषाको प्रभाव, नेपाली भाषाको सैद्धान्तिक ज्ञानको कमी, विद्यार्थीको लापर्वाहीजस्ता कारण देखिएका छन् ।*
मुख्य शब्दावली : *व्याख्यानवाद, मातृभाषा, प्राज्ञिक, दार्शनिक, सामुदायिक ।*

परिचय

विविध मातृभाषी भएका विद्यार्थीहरूको सहभागिता भएको कक्षालाई बहुभाषिक कक्षा भनिन्छ । भाषाको सिकाइ त्रुटिरहित हुन सक्दैन । पहिलो वा दोस्रो जुन भाषाको सिकाइमा पनि सिकारुले त्रुटि गर्ने गर्दछन् तर यस्ता त्रुटिको प्रकृति र क्षेत्र भने भिन्न हुने गर्दछ त्यसैले सिकारुका त्रुटि पहिचान गरी तिनका कारणहरूको खोज गर्ने र निराकरणका उपायहरू अवलम्बन गर्नु आवश्यक हुन्छ । प्रस्तुत लेखमा नवलपरासी जिल्ला (बर्दघाट सुस्ता पश्चिम) को सुनवल नगरपालिकाभित्रका माध्यमिक तहका बहुभाषिक कक्षामा अध्ययन गर्ने मगर र थारू मातृभाषा भएका विद्यार्थीहरूले नेपाली भाषाको प्रयोग गर्दा वाक्यगठनमा गर्ने त्रुटिको खोज गरिएको छ । वाक्यका संरचक घटकहरूको सङ्गतिपूर्ण प्रयोग नै वाक्यगठन हो अथवा वाक्यका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य, ध्रुवीयता आदिको उपयुक्त प्रयोग गर्नु नै वाक्यगठन हो । वाक्यको निर्माण पदावलीको संयोजनबाट हुने भएकाले पदावली वाक्यको अनिवार्य घटक हो । वाक्यमा प्रयुक्त पदावली नाम पदावली, क्रिया पदावली, विशेषण पदावली र क्रिया विशेषण पदावली जस्ता विभिन्न प्रकारका हुन्छन् (गौतम र चौलागाई, २०७०, पृ.२३५) । प्रस्तुत अध्ययनमा मगर र थारू मातृभाषी विद्यार्थीले नाम पदवली र क्रिया पदवलीको प्रयोग गर्दा कस्ता कस्ता त्रुटि गर्छन ? त्यस्तै लिङ्ग, वचन, पुरूष, आदरजस्ता पक्षका आधारमा नाम पदावली र क्रिया पदावलीका बिचको सङ्गतिगत प्रयोगमा कस्ता कस्ता त्रुटि गर्छन् अनि यस्ता त्रुटि गर्नुका कारणहरू के के छन् ? जस्ता प्राज्ञिक जिज्ञासाको समाधान गरिएको छ ।

अवधारणात्मक रूपरेखा

यस लेखको मुख्य सैद्धान्तिक पर्याधार एस.पि.कर्डरको त्रुटि विश्लेषण सिद्धान्त हो । त्यस सैद्धान्तिक मान्यतालाई आधार बनाएर निम्न अनुसारको अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ :

वृक्षारेख १

अवधारणत्मक ढाँचा



समस्याकथन र उद्देश्य

नेपाल बहुजाति, बहुधर्म, बहुसस्कृति तथा बहुभाषा भएको मुलुक हो त्यसैले यहाँका अधिकांस विद्यालयहरूका कक्षामा बहुभाषी विद्यार्थीहरू पाइन्छन् । नेपाली भाषाको भाषिक वातावरण प्राप्त गर्न नसकेका विद्यार्थीहरूमा स्वाभाविक रूपमा नेपाली भाषा सिकाइमा समस्या देखापर्छ । घर तथा समुदायमा मातृभाषाको प्रयोग हुने र विद्यालय अझ कक्षाकोठामा मात्र नेपाली भाषाको प्रयोग हुने हुँदा नेपालीबाहेक अन्य मातृभाषा भएका विद्यार्थीहरूलाई नेपाली भाषा सिकाइ कठिन देखिन्छ । सुनवल नगरपालिका क्षेत्रभित्रका विद्यालयका कक्षाहरू पनि बहुभाषिक छन् । विशेषगरी यस क्षेत्रका विद्यालयहरूका कक्षामा थारू, भाजपुरी, मगर, गुरुङ, अवधी लगायतका भिन्न भिन्न मातृभाषी विद्यार्थीहरूको सहभागिता पाइन्छ । पूर्वकार्यहरूको अध्ययनगर्दा सुनवल नगरपालिकाभित्रका माध्यमिक तहमा अध्ययन गर्ने मगर र थारू मातृभाषी विद्यार्थीका वाक्यगठनगत त्रुटिको खोजी हालसम्म पनि गरिएको पाइँदैन । यस क्षेत्रका माध्यमिक तहका बहुभाषिक कक्षामा विद्यार्थीका भाषिक पृष्ठभूमि र क्षमताका आधारमा सिकारूलाई वर्गीकरण गरी सोही अनुसार शिक्षणका सामग्री, विधि तथा पाठ्यवस्तु प्रयोगका साथ उत्प्रेरणा र सबलीकरणका माध्यमबाट नेपाली भाषाको शिक्षण गर्न सक्ने हो भनेमात्र नेपाली सिकाइ सहज बन्न सक्ने देखिन्छ तर अधिकांश यस क्षेत्रका बहुभाषिक कक्षामा परम्परागत

व्याख्यान विधिबाट शिक्षण गरिदा नेपाली सिकाइमा नेपालीइतर मातृभाषी विद्यार्थीलाई बढी समस्या आएको छ। त्यसैले सुनवल नगरपालिका क्षेत्रभित्रका माध्यमिक तहमा अध्ययन गर्ने नेपालीइतर मातृभाषीअर्न्तगत मगर र थारू मातृभाषी विद्यार्थीहरूका नेपाली भाषा सिकाइसँग सम्बन्धित समस्याको अध्ययनका निमित्त प्रस्तुत अध्ययनमा निम्नलिखित अनुसन्धानप्रश्नको निर्धारण गरी तिनको सम्यक्‌उत्तर खोज्ने कार्य गरिएको छ :

क) मगर र थारू मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा नाम पदावली र क्रियापदावलीको प्रयोगमा के कस्ता त्रुटि गर्छन ?

ख) मगर र थारू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा नाम पदावली र क्रिया पदावलीका बिच सङ्गतिपूर्ण प्रयोगमा के कस्ता त्रुटि गर्छन्?

ग) मगर र थारू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा किन र कसरी त्रुटि गर्छन ?

यी मूल प्रश्नसँग सम्बद्ध अध्ययनका उद्देश्य निम्नानुसार छन्:

क) मगर र थारू मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा नाम पदावली र क्रियापदावलीको प्रयोगमा गर्ने त्रुटिको विश्लेषण गर्नु ।

ख) मगर र थारू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा नाम पदावली र क्रिया पदावलीका बिच सङ्गतिपूर्ण प्रयोगमा गर्ने त्रुटिको विश्लेषण गर्नु ।

ग) मगर र थारू मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिका कारणहरू पत्ता लगाउनु ।

अध्ययनको परिसीमा र क्षेत्र

प्रस्तुत लेख चार वटा माध्यमिक विद्यालयमा अध्ययन गर्ने मगर र थारू मातृभाषा भएका विद्यार्थीहरूले नेपाली भाषाको सिकाइका क्रममा नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको खोजीमा केन्द्रित रहेको छ। माध्यमिक तहमा अध्ययन गर्ने मगर तथा थारू मातृभाषी विद्यार्थी सुनवल नगरपालिकाबाहेक अन्य क्षेत्रमा पनि पाइन्छन् तर यो अध्ययन नवलपरासी जिल्ला (बर्दघाट सुस्ता पश्चिम) को सुनवल नगरपालिकाभित्रका मा.वि. तहमा अध्ययन गर्ने मगर र थारू मातृभाषी विद्यार्थीहरूमा सीमित रहेको छ। बहुभाषिक कक्षामा मगर, थारू लगायतका अन्य धेरै मातृभाषी भएका विद्यार्थीहरूको सहभागिता हुने भएपनि प्रस्तुत लेख मगर र थारू मातृभाषी विद्यार्थीहरूमा सीमित छ। नेपाली भाषा लेखाइका क्रममा विद्यार्थीहरूले गर्न सक्ने सम्भावित त्रुटिहरू विभिन्न क्षेत्रका हुन सक्छन् । यस अध्ययनमा व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष र आदरका आधारमा गर्ने त्रुटिहरूको मात्र अध्ययन गरिएको छ। प्रस्तुत अध्ययनमा नवलपरासी जिल्लाअन्तर्गतका सबै माध्यमिक विद्यालयलाई समेट्न सकिएको छैन।

पूर्व साहित्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

यस लेखमा मगर र थारू मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य निर्माण गर्ने सन्दर्भमा गर्ने नाम पदावली र क्रिया पदावलीगत त्रुटि तथा नाम पदावली र क्रिया पदावलीको सङ्गतिगत प्रयोगमा गर्ने त्रुटिको अध्ययन गरिएकाले वाक्यगठनगत त्रुटिका सम्बन्धमा हालसम्म गरिएका खोज, अध्ययनलाई पूर्वकार्यको समीक्षामा समावेश गरिएको छ :

त्रुटि विश्लेषणसम्बद्ध पूर्वकार्यको समीक्षा

प्रस्तुत शीर्षकसँग केन्द्रित भएर यसअघि भएका पूर्वकार्यको अध्ययनगर्दा विभिन्न प्रयोजनका लागि वाक्यगठनगत त्रुटिसम्बन्धी केही अध्ययन भएको पाइन्छ। यद्यपि सुनवल नगरपालिका नै केन्द्रित भएर यसप्रकारको

अध्ययन भने गरिएको छैन। तसर्थ अन्य क्षेत्रमा गरिएको वाक्यगठनगत त्रुटिसँग सम्बन्धित अध्ययनलाई यस सन्दर्भमा जोडेर हेर्नुपर्ने भएकोले त्यसैअनुरूप पूर्वकार्यहरूको समीक्षा गरिएको छ :

कल्पना पौडेल (२०७१) द्वारा *कास्की जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरुको अध्ययन* शीर्षकको स्नातकोत्तर शोधपत्रमा कास्की जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषा सिकाइका क्रममा गर्ने वाक्यगठनगत क्षमताको पहिचान गर्नु, त्रुटिका क्षेत्रहरूको पहिचान गर्नु, लिङ्ग तथा विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूका त्रुटिहरूको तुलनात्मक अध्ययन गर्नुजस्ता उद्देश्य राखिएको छ। क्षेत्रीय अध्ययन विधिलाई तथ्याङ्क सङ्कलनको मुख्य आधार बनाइएको उक्त शोधपत्रमा कास्की जिल्लाभित्रका आठओटा विद्यालयबाट कक्षा सातमा अध्ययन गर्ने प्रत्येक विद्यालयबाट १० १० जना पर्ने गरी जम्मा असी जना विद्यार्थीलाई नमुना विद्यार्थीका रूपमा छनोट गरिएको छ। संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूका त्रुटिहरूको तुलनात्मक अध्ययनबाट सामुदायिकभन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठनगत क्षमता राम्रो रहेको र लिङ्गका आधारमा तुलना गर्दा छात्राभन्दा छात्रको वाक्यगठन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ।

गिरीबहादुर पुन (२०७१) द्वारा *बाग्लुङ जिल्लाका कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ। स्नातकोत्तर तहको उक्त शोधमा मगर मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटि पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूबिच तुलनात्मक अध्ययन गर्नु, त्रुटिका कारणहरू पत्ता लगाउनु र त्रुटि निराकरणका लागि सुझाउहरू दिनुजस्ता उद्देश्यहरू राखिएका छन्। क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी प्राथमिक स्रोतका सामग्री सङ्कलन गरिएको छ। प्रश्नावलीलाई तथ्याङ्क सङ्कलनको साधनका रूपमा उपयोग गरिएको पाइन्छ। सङ्कलित तथ्याङ्कको विश्लेषणबाट मगर मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइका क्रममा वाक्यगठन गर्दा सबैभन्दा बढी त्रुटि वाच्यमा गरेको निष्कर्ष निकालिएको छ भने सबैभन्दा कम त्रुटि लिङ्गमा गरेको निष्कर्ष निकालिएको छ। उक्त शोधपत्रको अध्ययनबाट यस शोधमा सैद्धान्तिक आधार निर्माण गर्न तथा विद्यार्थीका त्रुटिको प्रवृत्तिगत भिन्नताको विशलेषण गर्नका लागि आधार निर्माणमा सहयोग पुगेको छ।
मातृका खतिवडा (२०७४) ले *माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटि* शीर्षकमा शोधपत्र तयार पारेको देखिन्छ। स्नातकोत्तर तहको उक्त शोधपत्रमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको क्षेत्र पत्ता लगाउनु, उक्त तहमा अध्ययन गर्ने विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको वर्गीकरण गर्नु, उक्त तहमा अध्ययन गर्ने विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको निराकरणका उपाय पत्ता लगाउनुजस्ता उद्देश्यहरू राखिएको छ ॥ त्रुटिहरूको वर्गीकरण गर्दा कतिपय त्रुटिहरू नियमित र अनियमित देखाइएको छ। यस शोधमा विद्यार्थीका त्रुटिहरू मातृभाषाका कारणले भएको देखाइएको छ। गम्भीरताका आधारमा त्रुटि नभएको र व्यापकताका आधारमा समष्टिगत त्रुटि भन्दा आंशिक त्रुटि कम भएको उल्लेख गरिएको छ। यस अध्ययनमा विद्यार्थीहरूले गर्ने वाक्यगठनगत त्रुटिको विश्लेषण गरिए पनि थारू र मगर मातृभाषी विद्यार्थीमै केन्द्रित भएर वाक्यगठनमा गर्ने त्रुटिको खोज तथा विश्लेषण गर्ने कार्य भने गरेको छैन।

हब्सा रियाज (सन् २०२०) द्वारा *इरर एनालाइसिस : अ स्टडी अफ इरर म्याड इन रिटन इङ्‌लिस बाइ सेकेन्डरी स्कूल स्टुडेन्टस् इन कस्मिर भ्याली* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा कस्मिर भ्यालीमा माध्यमिक तहका कक्षा नौ र दशमा अध्ययन गर्ने विद्यार्थीहरूले अङ्ग्रेजी भाषा लेखनमा कस्ता त्रुटि गर्छन, यस क्षेत्रका विद्यार्थीले गर्ने मुख्य गल्ती के के हुन्, त्रुटिका प्रकृति र प्रकार के कस्ता छन्, भन्ने समस्यामा केन्द्रित रहेको छ। सरकारी, निजी र मिसनरी गरी सोह्रओटा विद्यालयका कक्षा नौर दशका तीन सय जना विद्यार्थीहरूलाई अनियमित रूपमा छनोट गरी शोधप्रबन्ध तयार

पारिएको छ। उक्त शोधमा निर्धारित क्षेत्र र तहका विद्यार्थीहरूले मुख्य गरी आठ प्रकारका त्रुटि गरेको उल्लेख गरिएको छ जसमा हिज्जे, काल, प्रिपोजिसन, आर्टिकल्स, क्यापिटलाइजेसन र गलत शब्द छनोट देखाइएको छ। त्रुटिका मुख्य कारणमा पहिलो भाषाको प्रभाव सीमित र अन्य कारणहरू मुख्य देखाइएको छ। अन्य कारणमा अङ्ग्रेजी व्याकरण ज्ञानको कमी, शब्द भण्डारको कमी, विद्यार्थीहरूको लापर्बाही र दोस्रो भाषाको सीमित ज्ञान, अप्रशिक्षित शिक्षक, शिक्षण विधि, परीक्षा प्रणाली, कक्षा कोठा र कम प्रेरणालाई त्रुटिका मुख्य कारणका रूपमा उल्लेख गरिएको छ।

त्रुटि विश्लेषणसम्बद्ध सैद्धान्तिक समीक्षा

प्रस्तुत लेखमा तथ्यको व्याख्या/अर्थापानका लागि स्टेफेन पिट् कर्डरको त्रुटि विश्लेषण सिद्धान्तको उपयोग गरिएको छ। कर्डरलाई त्रुटि विश्लेषण सिद्धान्तका पिता पनि भन्ने गरिन्छ। त्यसैले त्रुटि विश्लेषणका सन्दर्भमा कर्डर को सिद्धान्त महत्त्वपूर्ण मानिन्छ। त्रुटि विश्लेषण सिद्धान्त दोस्रो भाषा सिकाइसँग सम्बन्धित रहेको छ। त्रुटिलाई भाषा सिकाइको कमजोरी ठान्ने परम्परागत मान्यतालाई खण्डन गर्दै सन्१९७० को दशकमा त्रुटि विश्लेषण प्रक्रियाको प्रार म्भ भएको हो। कर्डरको सन् १९६७ मा प्रकाशित सिकारुको भाषा सङ्क्रमणको अवस्थासम्बन्धी विवरण प्रस्तुत गरि एको द सिग्निफिकेन्स अफ लर्नरस इरर शीर्षकको लेखले त्रुटि विश्लेषण सद्धान्तको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। भाषा समाजबाट आर्जन गरिने सामाजिक वस्तु हो। कुनै पनि व्यक्ति एकै पटकमा भाषामा दक्ष हुन सक्दैन। भाषा सिक्ने क्रममा मानिसले अनेकौँ त्रुटि गर्छन्र ती त्रुटिहरू सच्याउँदै पनि गइरहेका हुन्छन् (पौडेल, २०७३, पृ. १९९-२००)। पहिलो भाषा सिकाइ अथवा दोस्रो भाषा सिकाइ जुनसुकै भाषा सिकाइ भए तापनि भाषा सिकाइ त्रुटि निरपेक्ष हुँदैन। पहिलो भाषा सिकाइ अनियन्त्रित र स्वतन्त्र वातावरणमा हुन्छ भने दोस्रो भाषा सिकाइ नियन्त्रित वातावरणमा हुने गर्दछ (कर्डर, १९८१, पृ.७)। यस सिद्धान्तमा सामान्यतया त्रुटि भन्नाले दोस्रो भाषा आर्जनका क्रममा गर्ने त्रुटि भन्ने बुझिन्छ र ती त्रुटिलाई पहिलो भाषासँग दाँजेर हेरिन्छ। यसरी प्राप्त त्रुटिहरूको कारणको खोजी पनि गरिन्छ (कर्डर, सन्१९८२, पृ.४)। बिना त्रुटि कुनै पनि भाषाको सिकाइ सम्भव देखिँदैन। प्रारम्भिक समयमा त्रुटिलाई मानवीय कमजोरी मानिए पनि आज भोलि यसलाई सफलताको प्रयास र विकासशीलताको एउटा प्रक्रिया मानिन्छ। त्रुटि विश्लेषण सिद्धान्तका सम्बन्धमा उक्त पुस्तकमा त्रुटिको परिचय, त्रुटिको वर्गीकरण, त्रुटि विश्लेषण प्रक्रिया र त्रुटि विश्लेषणका चरणको चर्चा गरिएको छ।

अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनको दार्शनिक आधार व्याख्यानवाद (इन्टरप्रिटिभिज्म) हो। व्याख्यानवादी मान्यताले फरक फरक व्यक्तिले एउटै उद्देश्यीय वास्तविकतालाई फरक फरक तरिकाले अनुभव गर्छन् बुझ्छन् भन्ने मान्यता राख्दछ (गुडविन, २००५, पृ.४५)। वैज्ञानिक तथ्यको खोजीभन्दा पनि सामाजिक कार्यको खोजी गरी विषयगत अर्थमा मानवीय कार्यहरूको व्याख्या गर्ने कार्य व्याख्यानवादले गर्दछ। व्याख्यानवादी मान्यताले व्यक्तिगत कागजातहरू, सहभागी अवलोकन अर्धसंरचित अन्तर्वार्तालाई महत्व दिएको छ (गिभन, सन् २००८, पृ.८)। यस अध्ययनको क्रममा पनि कक्षा अवलोकन, अर्धसंरचित अन्तर्वार्ता र विद्यार्थीका उत्तरपुस्तिका माध्यमद्वारा सङ्कलित सामग्रीको विश्लेषण गरी व्याख्यानवादी मान्यतालाई उपयोग गरिएको छ।

अध्ययनको ढाँचा

यो अध्ययन गुणात्मक ढाँचामा आधारित छ। यसमा गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत डकुमेन्ट/पाठ/सङ्कथन विश्लेषण विधिलाई अवलम्बन गरिएको छ। विद्यार्थीहरूले लेखेका विषयगत तथा स्वतन्त्र लेखनसम्बन्धी प्रश्नका उत्तरहरूलाई पाठका रूपमा लिएर विश्लेषण गरिएको छ। तथ्य सङ्कलनकै क्रममा गरिएको

कक्षा अवलोकन तथा प्राचार्य र शिक्षकसँगको अन्तर्वार्ताबाट प्राप्त सामग्रीको विश्लेषणबाट निष्कर्षमा पुगिएको छ। यसमा विद्यार्थीहरूका वाक्यगठनगत त्रुटिहरूको अध्ययनका लागि अध्ययनकर्ता आफू स्वयम् विद्यालयमा उपस्थित भई विद्यालयका प्राचार्य र शिक्षकसँग अन्तर्वार्ता तथा कक्षाको अवलोकन गरिएको हो। सामग्री सङ्कलनकै क्रममा पूर्वपरीक्षण गरी तयार पारिएको प्रश्नपत्रको उत्तर लेख्न लगाइएको छ। यसरी सङ्कलन गरिएको सामग्रीको विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ।

सामग्री सङ्कलन विधि

यस अध्ययनमा तथ्य सङ्कलनमा मूलतः क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ। क्षेत्रीय विधि कुनै विषयवस्तु वा घटनाको प्राकृतिक अवस्थाको अध्ययन गर्न उपयोग गरिन्छ (लामिछाने र अन्य, २०६९, पृ.३७)। यस अध्ययनका क्रममा अध्ययनकर्ता आफैँ सम्बन्धित विद्यालयमा गई अध्ययनका सहभागीहरूलाई भेटी उनीहरूको भाषिक व्यवहार, परम्परा, रीतिस्थिति, परिवेश आदि राम्रोसँग बुझेर सामग्री सङ्कलन गरिएको छ। यस अध्ययनका लागि अध्ययनकर्ता सहभागीहरू जस्तै बनेर उनीहरूसँग घुलमिल भई प्रत्यक्ष रूपमा अवलोकन गरी सामग्री सङ्कलन गरिएको छ। जनसङ्ख्यासँग प्रत्यक्ष सम्पर्क गरिएको छ। त्यस्तै त्रुटि विश्लेषण सिद्धान्त, शोधपत्र, पाठ्यपुस्तक, सन्दर्भसामग्री आदिलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग पनि गरिएको छ। यस अध्ययनमा मूलतः प्राथमिक स्रोतका सामाग्रीको उपयोग गरिएको छ। यसका लागि व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष, आदरजस्ता पक्षहरूमा आधारित भई वाक्यगठनमा केन्द्रित भएर विषयगत तथा स्वतन्त्र लेखनसँग सम्बन्धित प्रश्नहरू निर्माण गरी पाइलट परीक्षणद्वारा मानकीकरण गरी प्रश्नपत्र तयार पारिएको छ। तत्पश्चात् छनोट गरिएका सबै विद्यालयका नमुना जनसङ्ख्याका रूपमा रहेका विद्यार्थीसमक्ष पुगी परीक्षा लिई सामग्री सङ्कलन गरिएको छ। विद्यार्थीहरूले गरेका त्रुटिका कारणसँग सम्बन्धित सामग्री सङ्कलन गर्ने सन्दर्भमा अन्तर्वार्ताको उपयोग गरिएको हो।

जनसङ्ख्या र नमुना छनोट

यस अध्ययनका जनसङ्ख्या नवलपरासी जिल्ला (बर्दघाट सुस्ता पश्चिम) अन्तर्गतको सुनवल नगर पालिकाभित्रका चारओटा सामुदायिक विद्यालयका कक्षा ९ र १० अध्ययन गर्ने मगर र थारू मातृभाषा भएका विद्यार्थीहरू हुन्। अध्ययनको उद्देश्य परिपूर्तिका लागि आफ्नै बुद्धि विवेकद्वारा नमुना छनोट गर्ने विधि नै उद्देश्यपूर्ण नमुना छनोट विधि हो (खनाल, २०७६, पृ.७३)। यसमा पनि अध्ययनको उद्देश्यअनुरूप मगर र थारू मातृभाषी विद्यार्थीबाट नमुना विद्यार्थी छनोट गर्दा मातृभाषा बोल्न सक्ने विद्यार्थीहरूलाई छनोट गरिएको छ भने विद्यालय छनोट गर्दा पनि बहुभाषिक कक्षा भएका तथा बहुभाषिक कक्षामा मगर र थारू मातृभाषा भएका विद्यार्थीहरूको सहभागिता भएका विद्यालयलाई छनोट गरिएको छ। यसमा आठ जना मगर र आठ जना थारू गरी सोह्र जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको छ।

सामग्री विश्लेषण प्रक्रिया

कोहेन, म्यानियन र मोरिसन (सन् २००२) ले गुणात्मक अध्ययनमा व्यक्ति, समूह, मुद्दा, अनुसन्धान प्रश्न र साधन गरी पाँच आधारबाट सामग्रीको विश्लेषण गर्न सकिने उल्लेख गरेका छन् (पृ.४६१- ४६८)। प्रस्तुत अध्ययनमा कोहेन, म्यानियन र मोरिसनकै अवधारणामा आधारित रहेर गुणात्मक प्रारूपका सूचना एवम् तथ्यलाई व्याख्या, विश्लेषण गरिएको छ।

नैतिकताको सुनिश्चितता

प्रस्तुत अध्ययनको शीर्षक तथा उद्देश्यलाई दृष्टिगत गरी सामग्रीको निर्माण तथा प्रयोग गरिएको छ। सामग्री सङ्कलनका लागि निर्माण गरिएको प्रश्नपत्रमा समावेश गरिएका प्रश्नहरू उद्देश्यमूलक, स्पष्ट र सान्दर्भिक बनाइएको छ। अनुसन्धानकर्ता स्वयम् उपस्थित भएर सामग्रीको सङ्कलन गरिएको छ। प्रश्नपत्रको सत्यापनका लागि पूर्वपरीक्षण तथा विषयविज्ञबाट आवश्यक सहयोग लिइएको छ। सङ्कलित सामग्रीको आवश्यकताअनुसार स्रोत खुलाउने कार्य गरिएको छ। सामग्री सङ्कलनका क्रममा व्यक्तिका अधिकार, स्वतन्त्रता, गोपनीयता, सामाजिक, सांस्कृतिक, लैङ्गिक, जातीय संवेदनशीलतालाई ध्यान दिइएको छ।

प्राप्ति र छलफल

मगर र थारू भाषी विद्यार्थीहरूले वाक्यमा प्रयोग गरेका नाम पदावली तथा क्रिया पदावली र नाम पदावली र क्रिया पदावली बिचको सङ्गतिमा त्रुटि गरेको पाइएको छ। पदावलीको संरचनामा शीर्ष पदको विस्तार पदका रूपमा विशेषक आउने हुँदा शीर्ष जुन लिङ्ग, वचन, पुरुष, आदरमा हुन्छ विशेषक पनि सोहीअनुरूपको हुनुपर्दछ तर यस अध्ययनका क्रममा माध्यमिक तहमा अध्ययन गर्ने मगर र थारू मातृभाषी विद्यार्थीहरूले प्रयोग गरेका नाम पदावली र क्रिया पदावलीको संरचनालाई हेर्दा यस्तो पाइएन। विद्यार्थीहरूले शीर्ष पद स्त्रीलिङ्गको र विशेषक पद पुलिङ्गको प्रयोग गरेको देखियो त्यसैगरी विद्यार्थीहरूले शीर्ष बहुवचनको र विशेषक एकवचनको प्रयोग गरेको पनि पाइयो। यस अध्ययनका क्रममा विद्यार्थीहरूले प्रयोग गरेका पदावलीमा उच्च आदरका शीर्षसँग सामान्य आदरका विशेषकको प्रयोग तथा सामान्य आदरका शीर्षसँग उच्च आदरका विशेषकको प्रयोग गरेको पनि पाइयो। सामान्य आदरका शीर्षसँग अनादरका विशेषको प्रयोग पनि गरेको पाइएको छ। विद्यार्थीका त्रुटिलाई विकासशीलताका आधारमा विश्लेषण गर्दा व्यवस्थित र अव्यवस्थित दुवै प्रकारका त्रुटि गरेको देखिन्छ। उनीहरूले गरेका कुनै त्रुटि नियमित प्रकृतिका छन्। एउटै त्रुटि पटक पटक गरिएको छ भने कुनै त्रुटि कतै शुद्ध प्रयोग गर्ने र कतै गल्ती गर्ने जस्ता अनियमित प्रकृतिका पनि छन्। मगर र थारू दुवै मातृभाषी विद्यार्थीहरूका वाक्यगठनगत त्रुटिलाई स्रोतका आधारमा विश्लेषण गर्दा भाषान्तरिक र अन्तरभाषिक दुवै प्रकारका त्रुटि गरेको पाइएको छ। सिकिरहेको भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटि भाषान्तरिक त्रुटि हो (भण्डारी, घिमिरे र नेपाल, २०६८, पृ.१४४)। मगर र थारू दुवै मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा सिकिरहेको नेपाली भाषाका भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटिहरू गरेको पाइएको छ।

विद्यार्थीहरूले वाक्यमा प्रयोग गरेका नाम पदावली र क्रिया पदावलीका बिचमा लिङ्ग, वचन, पुरुष, आदरका आधारमा सङ्गति मिलाउने क्रममा पनि त्रुटि गरेको पाइएको छ। वाक्यमा प्रयुक्त विशेषक र विशेष्यका बिचको सङ्गति मिलाउने क्रममा त्रुटि गरेको पाइएको छ। विद्यार्थीहरूले उद्देश्य विस्तार र विधेय विस्तारका बिच सङ्गति नमिल्नु तथा वाच्यात्मक अन्विति नमिल्नु जस्ता विविध त्रुटिहरू गरेको देखिएको छ। विद्यार्थीहरूले अन्तरभाषिक त्रुटि गरेको पनि पाइएको छ। लक्ष्य भाषाभन्दा भिन्न अन्य भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ (भण्डारी, घिमिरे र नेपाल, २०६८, पृ.१४४)। विद्यार्थीहरूले आफ्नो मातृभाषाको प्रभावका कारण कतिपय स्थानमा त्रुटि गरेको देखिएको छ। उनीहरूले 'तिमीहरू गृहकार्य लेख्', 'तँहरू चुप लागो', 'एक जना हात्ति पनि आयो' भन्ने वाक्यको प्रयोग गरेका छन्। मगर भाषामा आदरगत भेद भए पनि व्यवहारमा कम प्रयोग हुने हुँदा मगर भाषी विद्यार्थीले आदरमा त्रुटि गरेको देखिन्छ। विद्यार्थीहरूले गरेका त्रुटिलाई गम्भीरताका आधारमा विश्लेषण गर्दा अर्थबाधक र अर्थ अबाधक दुवै प्रवृत्तिका त्रुटिहरू गरेको पाइएको छ। त्रुटि हुँदा अर्थ नबुझिने खालका त्रुटि बढी गम्भीर प्रकृतिका हुन्छन्। अर्थ बुझ्न गाह्रो हुने गरी गर्ने त्रुटिलाई कर्डर अर्थबाधक त्रुटि मान्दछन्।

त्रुटि गर्ने विद्यार्थी एक विद्यार्थीले 'मेरोसाथिहरू सि.जि घुम्न गएको थियो' भन्ने वाक्यको प्रयोग गरेको पाइयो जुन वाक्यमा 'मेरो साथीहरू' नाम पदावली त्रुटिपूर्ण देखिन्छ। यसमा शीर्ष पद 'साथीहरू' र 'मेरो ' विशेषक पद हो। यहाँ शीर्ष र विशेषका बिच वचनगत सङ्गति मिलेको देखिदैन। शीर्ष 'साथीहरू' बहुवचनमा भएपछि विशेषक पनि बहुवचन 'मेरा' हुनुपर्नेमा 'मेरो' एकवचनको प्रयोग गरी त्रुटि गरेको पाइयो। त्रुटि गरेकी अर्की विद्यार्थीले 'नराम्रो केटाहरू मलाई मन पर्दैन', 'सानो बालकहरूभित्र गए', 'बाटोको छेउछेउमा ठुलो घरहरू थियो', 'मेरो दाजु लाहुरे हो', 'मरो बाबा बुढो छन्' भन्ने वाक्यहरूको प्रयोग गरेको देखिएको छ। यी वाक्यहरूमा प्रयोग गरिएका नाम पदावलीहरू 'नराम्रो केटाहरू', 'सानो बालकहरू' र 'ठुलो घरहरू' मा शीर्ष अनुरूपको विशेषक चयन हुन सकेको पाइएन। 'नराम्रो केटाहरू'मा 'केटाहरू' शीर्ष पद हो भने 'नराम्रो' विशेषक पद हो। यहाँ शीर्ष केटाहरू बहुवचनमा भएपछि विशेषक पनि बहुवचनमा नराम्रा हुनुपर्नेमा 'नराम्रो' एकवचनको प्रयोग गरिएको छ। दोस्रो वाक्यमा प्रयोग गरिएको नाम पदावलीमा पनि शीर्ष र विशेषकका बिच वचनगत सङ्गति मिलेको छैन। 'सानो बालकहरू' पदावलीमा 'बालकहरू' शीर्ष हो भने 'सानो' विशेषक हो। यहाँ शीर्ष बहुवचनमा भएपछि विशेषक पनि बहुवचन साना प्रयोग गनुपर्नेमा 'सानो' एकवचनको ज्ञण्घ प्रयोग गरिएको छ। तेस्रो वाक्यमा आएको 'ठुलो घरहरू' पदावलीमा 'घरहरू' शीर्ष पद हो भने 'ठुलो' विशेषक हो। यहाँ शीर्ष बहुवचनमा छ तर विशेषक भने एकवचनमा छ त्यसैले शीर्ष र विशेषकका बिच सङ्गति नमिलेको देखियो।

वाक्यगठनका विविध पक्षहरूमध्ये लिङ्ग पनि एक हो। पुरुष, स्त्री र नपुङ्सक छुट्याउने व्याकरणिक कोटिलाई लिङ्ग भनिन्छ। लिङ्ग नामसँग सम्बन्धित व्याकरणिक कोटि हो। पुरुष जातिलाई बुझाउनेलाई पुलिङ्ग र स्त्री जातिलाई बुझाउनेलाई स्त्रीलिङ्ग भनिन्छ (अधिकारी, २०७५, पृ. ८४)। नेपाली भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका लिङ्ग छन्। यस अध्ययनका क्रममा सोह्र जनामध्ये छ जना विद्यार्थीहरूले स्त्रीलिङ्गमा त्रुटि गरेको पाइयो र पुलिङ्गमा आठ जनाले त्रुटि गरेको पाइयो भने दुई जनाले दुवैमा त्रुटि गरेको पाइयो। विषयगत प्रश्नमा 'पुलिङ्ग र स्त्रीलिङ्ग जनाउने क्रियापद प्रयोग गरी एउटा खेलकुद कार्यक्रमको वर्णन गर्नुहोस्' भनेर सोधिएको थियो। भाषावैज्ञानिक एस.पिट कर्डरका अनुसार विकासशीलताका आधारमा त्रुटि व्यवस्थित, अव्यवस्थित र उत्तरव्यवस्थित गरी तीन खालका हुन्छन्। विद्यार्थीहरूले गरेका लिङ्गगत त्रुटिहरूलाई विकासशीलताका आधारमा हेर्दा उत्तरव्यवस्थित प्रकारका त्रुटिहरू बढी गरेको पाइयो। यस्ता त्रुटिहरू असावधानीका कारणले जन्मन्छन्।

विद्यार्थीहरूका वचनका आधारमा नाम पदावली र क्रिया पदावली बिचको सङ्गतिगत त्रुटि पहिचानका लागि एउटा विषयगत प्रश्न र एउटा स्वतन्त्र लेखनसँग सम्बन्धित प्रश्न सोधिएको थियो। 'वचन जनाउने क्रियापद प्रयोग गरी एउटा वनभोज कार्यक्रमको वर्णन गर्नुहोस्' भन्ने विषयगत प्रश्न रहेको थियो। यस प्रश्नको उत्तर लेख्ने क्रममा विद्यार्थीहरूले बहुवचनका कर्तासँग बहुवचनका क्रियापद लेख्नुपर्ने ठाउँमा 'गयो', 'हिड्यो', 'लाग्यो' जस्ता एकवचनका क्रियापदहरूको प्रयोग गरी त्रुटि गरेको पाइएको छ। बहुवचनका शब्दहरू प्रयोग गर्नुपर्ने ठाउँमा एकवचनका शब्दहरूहरू लेखेको पाइएको छ। विद्यार्थीहरूले मान्छेहरू लेख्नुपर्ने ठाउँमा 'मान्छे' राखिएका थिए भन्ने बहुवचनको क्रिया पदावली प्रयोग गर्नुपर्ने ठाउँमा 'राखेको थियो' भन्ने एकवचनको पदावलीको प्रयोग गरेको पाइयो। कर्डरका अनुसार उद्देश्य र विधेयका बिच सङ्गति नमिल्नु वाक्यगत त्रुटि हो।

पुरुषगत आधारमा नाप र क्रिपबिचको सङ्गतिगत त्रुटिको समग्र स्थितिहेर्दा मगर र थारू भाषी विद्यार्थीका पुरुषगत त्रुटि गरेको पाइयो। उनीहरूले विभिन्न पुरुषगत त्रुटि भएका वाक्यहरूको निर्माण गरेका छन्। तृतीय पुरुषको कर्ता तिनीसँग द्वितीय पुरुषको क्रिया 'डुल' को प्रयोग, तृतीय पुरुष कर्ता उनीहरूसित द्वितीय पुरुषको क्रिया 'डुल' को प्रयोग त्यस्तै प्रथम पुरुषको कर्ता मसँग तृतीय पुरुषको क्रिया 'लेख्यो' प्रयोग गरी कर्ता र क्रियाका बिच पुरुषगत सङ्गति नमिलेका त्रुटिपूर्ण वाक्य बनाएको पाइयो।

आदरगत आधारमा नाप र क्रिपबिचको सङ्गतिगत त्रुटिको समग्र स्थितिलाई हेर्दा आदरका आधारमा विद्यार्थीहरूले गर्ने नाम पदावली र क्रिया पदावलीका बिचको सङ्गतिगत प्रयोगमा त्रुटि पहिचानका लागि विषयगत र स्वतन्त्र लेखनसँग सम्बन्धित प्रश्न सोधिएको थियो । विद्यार्थीहरूले 'मेरो घरमा पाँच जना परिवार छन्', 'दाइले एघार मा पढ्छ', 'दिदी विदामा वसन्तपुर घुम्न जान्छिन्',जस्ता विभिन्न आदरगत आधारमा कर्ता र क्रियाका बिच सङ्गति नमिलेका वाक्यहरूको प्रयोग गरी त्रुटि गरेका छन् ।

प्रस्तुत अध्ययनका क्रममा विद्यार्थीहरूले व्याकरणात्मक र शब्दभण्डारगत त्रुटिहरू गरेको भेटियो । जस्तैः पनि लेख्नु पर्नेमा 'पनी', पानी लेख्नुपर्नेमा 'पानि', 'जाऔँ' लेख्नु पर्नेमा 'जाम', पर्छ, गर्छलाई 'पर्‍छ', 'गर्‍छ' भन्ने जस्ता त्रुटिहरू गरेको पाइएको छ । प्रस्तुत अध्ययनका क्रममा विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई व्यापकताका आधारमा हेर्दा आंशिक त्रुटि र समग्र त्रुटि गरी दुई खालका त्रुटि गरेको पाइएको छ । खास शब्द वा पदसँगमात्र सम्बन्धित त्रुटिहरू आंशिक प्रकृतिका त्रुटिहरू हुन् । यस्ता त्रुटिहरू अर्थ अबाधक प्रकृतिका हुन्छन् । विद्यार्थीहरूले 'शिक्षक आयो', ' मामा गयो', 'दिदी आउँछ' भन्ने आंशिक त्रुटिहरू गरेका छन् । वाक्यका एकभन्दा बढी पद वा पदावलीसँग सम्बन्धित त्रुटि समग्र त्रुटि हो (भण्डारी, घिमिरे र नेपाल, २०६८, पृ.१४४) । विद्यार्थीहरूले गरेका त्रुटिलाई स्वरूपका आधार मा विश्लेषण गर्दा लोपगत तथा थपोटगत त्रुटिहरू गरेको पाइयो । भाषाका सिकारुले गरेका त्रुटिमा कुनै कुरा लोप भएको छ भने त्यस्तो त्रुटि लोपगत त्रुटि हो । यसअन्तर्गतका विद्यार्थीहरूले सुनवललाई 'सुनोल', बुटवललाई 'बुटोल', नवलपरासीलाई 'नलपरासी' जस्ता त्रुटिहरू गरेको पाइएको छ । थपोटगत त्रुटि भनेको भाषाका सिकारुले गर्ने त्रुटिमा कुनै कुरा थप भएर हुने त्रुटि हो । विद्यार्थीहरूले स्थायीलाई 'इस्थायी', प्रदानलाई 'परदान', गर्छनलाई 'गरछन' जस्ता थपोटगत त्रुटि गरेको पाइयो । विद्यार्थीले गरेका त्रुटिहरूलाई औचित्यका आधारमा विश्लेषण गर्दा औचित्यपूर्ण त्रुटि र अनौचित्यपूर्ण त्रुटि गरी दुई प्रकृतिका त्रुटिहरू गरेको भेटियो । व्याकरणिक दृष्टिले मात्र त्रुटिपूर्ण छ तर सन्दर्भ अनुरूप त्रुटि छैन भने त्यस्तो त्रुटिलाई औचित्यपूर्ण त्रुटि भनिन्छ । यस शोधका क्रममा विद्यार्थीहरूले 'सरिताले चाउचाउ ल्याएकि छ', 'बहिनी बजार गएकी छ' भन्ने जस्ता सन्दर्भगत औचित्यता देखिने तर व्याकरणगत दृष्टिले स्वीकार गर्न नसकिने त्रुटि गरेको पाइएको छ त्यस्तै व्याकरण र सन्दर्भ दुवै दृष्टिले भएको त्रुटि अनौचित्यपूर्ण त्रुटि हो । विद्यार्थीहरूले प्रयोग गरेका वाक्यभित्र प्रयुक्त पद, पदावली, वाक्यांशजस्ता भाषिक एकाइ अर्थ, वक्ता, स्रोता विषय, प्रसङ्ग र परम्परा सापेक्षको हुन सकेको देखिएन ।

विद्यार्थीहरूका वाक्यगठनगत त्रुटिका कारणहरूको पहिचानका लागि सङ्कलित सामग्रीहरूको विश्लेषण गर्दा मातृभाषाको प्रभाव, हाम्रा परम्परागत शिक्षण पद्धति, पाठ्यसामग्री तथा बहुभाषिक कक्षामा शिक्षण गर्ने शिक्षक पनि त्रुटिका कारक देखिएका छन् । नेपाली भाषा शिक्षणमा परम्परागत उपेक्षित व्याख्यान पद्धति रहेको, आधुनिक विधि र प्रविधिहरूको प्रयोग अत्यन्त कम हुने गरेको, साथै बहुभाषिक कक्षामा शिक्षण गर्ने शिक्षक योग्य र तालिम प्राप्त हुन नसक्नु पनि त्रुटिका कारण देखियो । नेपाली भाषा शिक्षण गर्ने शिक्षकलाई दुवै भाषा बिचको समानता र भिन्नताबारे राम्रो ज्ञान नहुनु यसको कारण भेटियो । उपयुक्त पाठ्यसामग्री चयन गर्न नसक्नु, उपयुक्त शैक्षिक सामग्री, विधि र क्रियाकलापहरू अपनाउन नसक्नु, बहुसङ्ख्यक थारू मातृभाषी विद्यार्थीहरू भएको कक्षामा बोलचालको भाषाको रूपमा थारू भाषाको नै प्रयोग गरिनु, विद्यार्थीहरूलाई कक्षाकोठामा नेपाली भाषाको प्रयोगमा प्रोत्साहन नगर्नुजस्ता कारणहरू देखिएका छन् ।

निष्कर्ष

माध्यमिक तहमा अध्ययनरत सुनवल नगरपालिका क्षेत्रभित्रका मगर मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको सिकाइ गर्ने क्रममा वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन तथा विश्लेषण गर्दा विद्यार्थीहरूले वाक्यगठनमा नाम पदावली, क्रिया पदावली, नाप र क्रिपका बिच लिङ्ग, वचन, पुरुष, आदरका आधारमा सङ्गति मिलाउने क्रममा त्रुटि गरेको देखिन्छ। विद्यार्थीहरूले पुरुषगत त्रुटि सबैभन्दा बढी गरेका छन्। उनीहरूले प्रथम पुरुषका कर्तासँग तृतीय पुरुषका क्रियापदहरूको प्रयोग गरी त्रुटि गरेको पाइयो। त्यसैगरी तृतीय पुरुषका क्रियाहरूको लेखनमा पनि त्रुटि गरेको पाइयो। विद्यार्थीहरूले उच्च आदरका कर्तासँग सामान्य आदरका क्रियापदहरूको प्रयोग गरी आदरगत त्रुटि गर्ने गरेको पाइयो भने सामान्य आदरार्थी कर्तासँग सामान्य आदरका क्रिया प्रयोग गर्दा पनि त्रुटि गरेको भेटियो। उनीहरूले प्रयोग गरेका पदावलीको संरचनाका शीर्षअनुरूपको विशेषक चयनमा त्रुटि गरेको पाइयो। विद्यार्थीहरूले गर्ने त्रुटिका मुख्य कारणमा पहिलो भाषाको प्रभाव, नेपाली भाषा व्याकरणको सैद्धान्तिक ज्ञानको कमी हुनु, निरन्तर अभ्यास नहुनु, नेपाली भाषाको प्रयोग घर, परिवार तथा छरछिमेकमा नहुनु, विद्यालयमा मात्र नेपाली भाषाको प्रयोग सीमित हुनु, विद्यालयमा पनि एकै मातृभाषीबिच कुराकानी हुँदा मातृभाषाकै प्रयोग गरिनु, आधारभूत तहसम्मका विद्यालयहरूमा नेपाली विषय पढाउने शिक्षकले समेत मातृभाषाको प्रयोग गर्नु, नेपाली शब्दभण्डारको कमी हुनु, नेपाली भाषाका वाक्यहरूको गलत सामान्यीकरण गर्नु, विद्यार्थीको लापर्बाही आदि जस्ता मुख्य कारण देखा परेको निष्कर्षमा पुगिएको छ। त्यसकारण विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूका भाषा सिकाइका समस्याहरूको समय समयमा खोज तथा अनुसन्धान गरी समाधानका उपायहरू पत्ता लगाएर भाषा शिक्षणमा सुधार गर्नुपर्ने देखिन्छ।

उपयोगिता

प्रस्तुत अध्ययनबाट नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिकाइ गर्ने विद्यार्थीका वाक्यगठनगत समस्याको पहिचान भएको छ। त्यसैले विद्यार्थीका दोस्रो भाषा सिकाइसँग सम्बन्धित समस्याको निराकरण गर्न सहयोग पुग्नेछ। दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने वक्ता, भाषा पाठ्यक्रम निर्माताहरू, विद्यार्थी, शिक्षकहरू र भावी अध्ययनकर्ताहरूका लागि उपयोगी देखिन्छ। बहुभाषिक कक्षामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नीतिगत रूपमा प्रस्तुत अध्ययन उपयोगी रहनेछ। यस अध्ययनबाट विद्यालय तहमा वाक्यगठन शिक्षण क्रियाकलाप सुधार गर्न सहयोग पुग्नेछ। यो अध्ययन विद्यार्थीको क्षमता, स्तर र आवश्यकताअनुरूप विषयवस्तु, शिक्षण सामग्री र शिक्षण विधिको छनोट गर्न उपयोगी देखिन्छ। भाषा पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, भाषाको शिक्षण तथा त्रुटि विश्लेषण र नेपाली भाषाको आधिकारिक रूप तयार पार्न नीतिगत तहमा यो अनुसन्धान उपयोगी हुने देखिन्छ। यस अध्ययनको प्राप्तिका रूपमा नेपाली भाषाको व्याकरण शिक्षणमा अभ्यासको कमी, उपयुक्त शिक्षण विधिको अभाव, तालिम प्राप्त शिक्षकको अभाव, शैक्षिक सामग्रीको उचित प्रयोग नहुनु जस्ता कुराहरू देखाएको छ। त्यसैले यो पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन र सम्पादन, नीति निर्माताहरू तथा भाषा पाठ्यक्रम निर्माताहरूका लागि पनि उपयोगी हुने देखिन्छ।

सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०७१).*समसामयिक नेपाली व्याकरण.* विद्यार्थी पुस्तक भण्डार ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८). *जनगणना प्रतिवेदन.* केन्द्रीय तथ्याङ्क विभाग ।

खतिवडा, मातृका (२०७४).*माध्यमिक तहका विद्यार्थीहरूले वाक्य गठनमा गर्ने त्रुटि.* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). सानोठिमी क्याम्पस ।

खनाल, पेशल (२०६१).*शैक्षिक अनुसन्धान पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६७). *अनुसन्धान पद्धति.* सनलाइट पब्लिकेसन ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०). *भाषाविज्ञान* (दाम्रो संस्क.). पाठ्य सामग्री पसल ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०५८).*प्रायोगिक भाषाविज्ञान.* एम.के पब्लिसर्स एण्ड डिष्टिब्युटर्स ।

न्यौपाने, महेश्वर र घिमिरे, दिनेश (२०७०).*भाषाविज्ञानका प्रमुख सिद्धान्त.* सनलाइट पब्लिकेसन ।

निउरे, ध्रुवप्रसाद (२०६७). *अनुसन्धान पद्धति.* क्वेस्ट पब्लिकेसन ।

पाण्डेय, कैलाश नाथ (सन्२००६). *भाषा-विज्ञानका रसायन.* गाजीपुर साहित्य-संसद ।

पुन, गिरीबहादुर (२०७१).*बाग्लुङ जिल्लाका कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरुको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

पोखरेल, बालकृष्ण (२०३१). *राष्ट्रभाषा.* साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५४).*नेपाली वाक्य व्याकरण* (प्रथम संस्क.). नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, कल्पना (२०७१).*कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुलेवाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७३).*प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू.* हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बन्धु, चूडामणि (२०७७).*भाषाविज्ञान* (दसौँ संस्क.). साझा प्रकाशन ।

भण्डारी, पारसमणि (२०५४). *प्रायोगिक भाषाविज्ञानका केही पक्ष.* विद्यार्थी पुस्तक भण्डार ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८). *भाषाविज्ञान.* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०७१). *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

Carl James (2013). *Errors in Language Learning and Use.* Routledge 2 Park Square, Milton Park, Abingdon, Oxon OX14 4RN 711 Third Avenue, New York, NY 10017, USA.

Corder, S. Pit (1981). *Error Analysis and Interlanguage.* Oxford University Press Walton Street, Oxford ox2 6DP.

Given, L.M. (2008). *The stage encyclopedia of qualitative research methods.* Los Angeles, Calif: Saga publications.

Riyaz, *Hafsa. Error Analysis : A study of Error made in written English by secondary school students in Kashmir Valley. Ph.D Thesis, Department of linguistics, University of Kashmir, 2020.*